# आर्थिक वर्ष ०७६/७७

# को

# बजेट वक्तव्य

घरपझोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, मुस्ताङ

# पाँचौं गाउँ सभाको दोश्रो बैठकमा
# उपाध्यक्ष श्री सर्मिला गुरूङज्यूले
# प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७६/७७ को
# बजेट वक्तव्य

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घरपझोङ, मुस्ताङ

२०७६ साल आषाढ १७ गते मंगलबार

"समावेशी, सामाजिक रूपान्तरण, प्रकृति संरक्षण र संस्कृति",: "*कृषि, पर्यटन, पर्यावरण, पूर्वाधार, घरपझोङको समृद्धि*"

**यस सभाका अध्यक्ष ज्यू,**

**गाउँ सभाका सदस्य ज्यूहरू,**

**प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरू ।**

१. स्थानीय सरकारको गठन पश्चात यस गाउँपालिकाको गरीमामय पाँचौं गाउँ सभाको दोश्रो बैठकमा आर्थिक वर्ष २०७६/७७ को लागि बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म आफूलाई निकै गौरवान्वित ठानेकोछु । यस अवसरमा नेपालमा विभिन्न समयमा भएको जनआन्दोलन र सशत्र संघर्षमा ज्यानको वलीदानी दिनुहुने वीर सहीदहरूलाई हार्दिक श्रद्धासुमन सहित श्रद्धान्जली अर्पण गर्दछु । नेपाली आमाका ती सपुतहरूले देखाएको नयाँ नेपालको अग्रगामी पथमा तपाईं हामी सबै अगाडि बढ्न प्रेरणा प्रदान होस्, यही कामना पनि गर्दछु ।

२. गण्डकी प्रदेश, हिमाल पारीको जिल्ला मुस्ताङ अन्तर्गत निलगिरी हिमालको काखमा रहेको यस घरपझोङ गाउँपालिका प्राकृतिक तथा सांस्कृतिक सम्पदाले भरिपूर्ण एक जीवन्त खुला संग्रहालय हो । विश्वमा छुट्टै पहिचान कायम गर्न सफल यहाँको स्याउ खेति तथा अन्य कृषि वालीहरु एवम् पर्यटन क्षेत्रको प्रवर्धन तथा विकास गर्न सकिएको खण्डमा यस गाउँपालिकाले छोटो समयमा नै आर्थिक उन्नतिको शिखर चुम्न सक्ने प्रशस्त सम्भावनाहरु रहेका छन् । अवको हाम्रो विकास यसै मार्गचित्रबाट निर्देशित हुनुपर्नेमा जोड दिन चाहन्छु ।

३. यस गाउँपालिकाको क्षेत्रमा रहेका जतिपनि खेतियोग्य जमिनहरू छन्, ती सबै अत्यधिक उर्भर रहेका छन् । नयाँ प्रविधिको प्रयोग गरी परम्परागत खेति प्रणालीमा परिवर्तन ल्याउन सकेको खण्डमा अहिलेको विद्यमान उत्पादनमा उल्लेख्य बढोत्तरी गर्न सकिन्छ ।

४. नेपालको संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नेपाल सरकारले अवलम्बन गरेका समग्र नीतिहरू, गण्डकी प्रदेश सरकारका लक्ष्यहरू तथा यस गाउँपालिकाको पाँचौं गाउँ सभाको प्रथम बैठकबाट स्वीकृत वार्षिक नीति तथा कार्यक्रमहरूलाई कार्यान्वयन गर्ने गरी आगामी आर्थिक वर्ष ०७६/७७ को बजेट तर्जूमा गरेकोछु ।यसका अलावा यस जिल्लाबाट संघ र प्रदेशमा प्रतिनधित्व गर्ने

माननीय सांसदज्यूहरूको मार्गदर्शन, विभिन्न क्षेत्रका सरोकारवाला, विषय विज्ञहरू तथा आम सर्वसाधारण घरपञ्झोङवासीहरूको विकास निर्माण प्रतिको चिन्ता र चासोलाई प्रत्यक्ष संबोधन हुनेगरी आगामी आर्थिक वर्षको बजेट तर्जूमा गरेकोछु ।

५. **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** तथा अन्य सम्बन्धित कानूनहरू, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रकाशित **बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन**, राष्ट्रिय योजना आयोगबाट प्रकाशित **स्थानीय तहको योजना तर्जूमा (नमूना) दिग्दर्शन, २०७५** लाई परिपालना गरी संघीय सरकारबाट प्राप्त हुने अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा स्थानीय आन्तरिक श्रोतहरूको विश्लेषण गरी बजेटको तर्जूमा गरेकोछु ।

६. बजेट तर्जूमाको क्रममा वस्तीस्तरबाट योजनाहरू छनौट गरी वडा समितिहरू मार्फत् गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिससाथ प्राप्त योजना तथा कार्यक्रमहरूलाई विभिन्न विषयगत समितिहरूमा घनिभूत छलफल गरी बजेट तथा कार्यक्रम तर्जूमा समितिले तयार पारेको खाकालाई पुनः गाउँ कार्यपालिकाको पूर्ण बैठकबाट अनुमोदन परिमार्जन गराई गाउँ सभाको बैठकमा पेश गर्ने व्यवस्था मिलाएकोछु ।

७. उपरोक्त सबै चरणहरूमा समन्यायिक तथा आवश्यकतामा आधारित क्षेत्रहरूमा बजेट व्यवस्थापन गर्न भरपूर विचार विमर्श हुने प्रवन्ध मिलाएकोछु ।

**अध्यक्ष महोदय**

८. अव म चालू आर्थिक वर्षको वार्षिक बजेटको यथार्थ विवरण पेश गर्ने अनुमति चाहन्छु । चालू आर्थिक वर्षको कूल बजेट रू. २२ करोड २२ लाख ६८ हजार ६७० रहेकोमा हालसम्मको यथार्थ खर्च रू. १३ करोड ८५ लाख ८८ हजार ५३३ रहेकोछ । यो वर्ष अत्यधिक हिमपात भएको कारणले पनि योजना कार्यान्वयन प्रकृया केही ढिलोगरी प्रारम्भ भएकोले हाल भुक्तानी गर्ने प्रकृया जारी नै रहेकोछ । चालू आर्थिक वर्षको अन्त्यसम्ममा कूल रू. २१ करोड ५ लाख १८ हजार ६७० खर्च हुने प्रारम्भिक संशोधित अनुमान छ । यसबाट चालू आर्थिक वर्षको बजेटबाट रू १ करोड १७ लाख ५० हजार बचत हुनजाने देखिन्छ ।

९. चालू आर्थिक वर्षको अन्त्यसम्ममा पनि सशर्त कार्यक्रम तर्फका आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन हुन नसकी बाँकी हुन आउने सम्पूर्ण रकमलाई नेपाल

सरकारको सर्वसञ्चित कोषमा जम्मा गरी गाउँपालिकाको खातामा ती शीर्षकहरूमा मौज्दात शून्य बनाउने व्यवस्था मिलाएकोछु ।

**अध्यक्ष महोदय,**

१०. अब म आगामी आर्थिक वर्ष २०७६/७७ का लागि प्रस्तावित कार्यक्रमहरूको प्रस्तुति गर्ने अनुमति चाहन्छु ।

**आर्थिक विकास**

११. यस गाउँपालिकाको मुख्य आर्थिक उपार्जन गर्ने मध्येको एक क्षेत्र कृषि हो । आगामी आर्थिक वर्षमा कृषि क्षेत्रको विकास तथा प्रवर्धनका लागि विभिन्न कार्यक्रमहरू प्रस्ताव गरेकोछु । कृषि क्षेत्रको आधुनिकीकरणमा विशेष जोड दिइनेछ ।

१२. गाउँपालिका क्षेत्रभित्रका कृषियोग्य जमिनहरूको बारबन्देज गर्नको लागि बजेटको व्यवस्था गरेकोछु । कृषि पेशामा आवद्ध दलित समुदायहरूको आर्थिक उपार्जनमा टेवा पु-याउनको लागि वाख्रा तथा भेडापालन शीर्षक अन्तर्गत बजेटको व्यवस्था मिलाएकोछु । आगामी आर्थिक वर्ष वडा नं. ४ जोमसोममा एक स्याउको जुस बनाउने मेसिन जडान गरिनेछ । त्यस्तै वडा नं. १ चिमाङका कृषकहरूको लागि घरघरमा स्याउको सुकुटी बनाउने सौर्य बाकसको वितरण गरिनेछ ।

१३. कृषि क्षेत्रको समग्र विकासका लागि आगामी आर्थिक वर्ष विशेष प्रकृतिका कार्यक्रमहरूको आयोजना गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालय मार्फत् आयोजना तथा कार्यक्रम व्यवस्थापनका लागि थप छुट्टै बजेटको व्यवस्था मिलाएकोछु । यस गाउँपालिका अन्तर्गत पाइने रैथाने वालीहरूको संरक्षण तथा प्रवर्धनका कार्यक्रमहरू समेत कार्यान्वयन हुनेछन् । गाउँपालिका अन्तर्गत संकटापन्न अवस्थामा पुगेका लुलु गाईको संरक्षण प्रवर्धन गर्नको लागि पशुसेवा कार्यक्रम अन्तर्गत बजेटको व्यवस्था मिलाएकोछु ।

१४. यस गाउँपालिकाको अर्को महत्वपूर्ण आर्थिक क्षेत्र भनेको पर्यटन हो । पर्यटन क्षेत्रको प्रवर्धनका लागि आगामी आर्थिक वर्ष विभिन्न कार्यक्रमहरू प्रस्ताव गरिएकोछ । पर्यटन तथा अन्य सबै विकासका अवयवहरूलाई व्यवस्थित तथा योजनावद्ध रूपमा सम्पादन गर्न आगामी आर्थिक वर्ष गाउँपालिकाको आवधिक योजना निर्माण गरिनेछ । सो कार्यका लागि रू. २० लाख बजेट विनियोजन गरेकोछु । आवधिक योजनाको

निर्माण पश्चात हाम्रा सबै विकास निर्माणका कार्यहरू सोहो योजनाबाट निर्देशित हुनेछन् र विकासको नवस्वरूप देखिनेछ ।

१५. पर्यटन व्यवसायीहरूलाई देशका अन्य पर्यटकीय क्षेत्रहरूमा रहेका असल अभ्यासहरूको आदान प्रदान गर्न **पर्यटन व्यवसायी असल अभ्यास आदान प्रदान कार्यक्रम** अन्तर्गत अध्ययन भ्रमणको व्यवस्था मिलाइनेछ । घरपझोङ गाउँपालिकाका सबै होटलहरूसम्म सूचना प्रविधिको माध्यमबाट पहुँच कायम गर्न मोबाइल एप्लिकेशनको निर्माण गरिनेछ । कालीगण्डकी नदिमा छिमेकी वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको समेत सहभागितामा साहसिक जलयात्ता (Rafting) सञ्चालन गर्न आवश्यक बजेटको विनियोजन गरेकोछु । नेपाल भ्रमण वर्ष, २०२० तथा गण्डकी प्रदेशको आन्तरिक पर्यटन वर्ष, २०१९ का अवसरमा विभिन्न कार्यक्रमहरूको आयोजना गर्न आवश्यक बजेटको व्यवस्था मिलाएकोछु ।

१६. गाउँपालिका क्षेत्रभित्रका विभिन्न गुम्वा तथा मठमन्दिरहरूको निर्माण तथा मर्मतका लागि समेत बजेटको व्यवस्था गरिएको छ । सो कार्यबाट धार्मिक पर्यटन प्रवर्धनका अलावा गाउँपालिकावासीहरूको धार्मिक आस्थामा टेवा पुगी असल समाज निर्माणमा सहयोग पुग्ने विश्वास लिएकोछु ।

१७. यस गाउँपालिका अन्तर्गत रहेको चिमाङ जङ्गल हाइकिङ रूटलाई प्रवर्धन र विकास गर्ने नीति लिइनेछ ।

१८. समग्र आर्थिक विषयक्षेत्र अन्तर्गतका अनुसूचीमा सूचिवद्ध योजना तथा कार्यक्रमहरूको व्यवस्थापन सञ्चालन गर्न आगामी आर्थिक वर्षको वार्षिक बजेटका कूल १ करोड ५६ लाख बजेट प्रस्ताव गरेकोछु ।

## पूर्वाधार विकास

### अध्यक्ष महोदय,

१९. आगामी आर्थिक वर्ष वडा नं. ५ अन्तर्गत ठिनी आमा समूहको अधुरो भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ । ढुम्बा आमा समूहको भवनमा फर्निचर व्यवस्था गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ । ढुम्बा सिंचाई ट्याङ्कीको मर्मत गरिनेछ । उल्लिखित कार्यहरूको लागि आवश्यक बजेट व्यवस्था गरेकोछु ।

२०. वडा नं. ४ मा जोमसोम भ्यूटावर जाने पदमार्गको निर्माण कार्य गरिनेछ । जोमसोम ताराखेल इन्डोर भवन निर्माण कार्य गरिनेछ । ताङ्वे समाजघर पर्खाल तथा

सामुदायिक भवन एवम् वाह्रगाउँ समाजघर माथि जस्तापाता छाउने कार्यको लागि समेत आवश्यक बजेट व्यवस्था गरेकोछु ।

२१. आगामी आर्थिक वर्ष वडा नं. ३ का लागि स्याङ गाउँ इन्डोर हलमा किचन तथा शौचालय निर्माण गरिनेछ । सामुदायिक भवन हलको मर्मत गरिनेछ । पुलचोक क्षेत्रमा बाटो मर्मत कार्य हुनेछ भने छेकाङदेखि स्याङ गाउँ सम्म जोड्ने बाटोमा रिटेनिङवाल समेतका स्तरोन्नतिका कार्यहरू हुनेछन् ।

२२. त्यसैगरी २ नं वडामा वडा कार्यालय पछाडिको रिटेनिङ वाल निर्माण सम्बन्धी कार्य हुनेछ । मार्फा दलित भवनको निर्माण कार्यलाई निरन्तरता दिइनेछ । मार्फा गाउँ भित्र बिजूली बत्तीमा इन्सुलेटर भएको तार फेरिनेछ । मार्फा आमा समूह भवनमा मञ्च व्यवस्थापन र शौचालय निर्माण सम्बन्धी कार्यहरू हुनेछन् ।

२३. वडा नं १ मा पूर्वाधार विकास कार्य अन्तर्गत छैरो चिमाङ वैकल्पिक पदमार्ग निर्माण योजनालाई निरन्तरता दिइनेछ । चिमाङ सिँचाई कुलो निर्माण कार्य हुनेछ । छैरो सिँचाई योजनाका लागि आवश्यक बजेटको व्यवस्था मिलाएकोछु । त्यसैगरी छैरो सामुदायिक भवनमा फर्निचर व्यवस्था गरिनेछ भने छैरो आमा समूहको भवनको जस्ता छाउने कार्य आगामी आर्थिक वर्षमा पूरा गरिनेछ ।

२४. यस गाउँपालिका तथा समग्र मुस्ताङ जिल्ला नै सौर्य ऊर्जाका लागि उर्भर भुमिहरू हुन् । सौर्य ऊर्जा सम्बन्धी व्यवस्थित अध्ययन तथा सोही बमोजिम कार्यक्रमहरूको तर्जूमा गर्न सकेको खण्डमा विद्यमानमा गाउँपालिकाबासीहरूले भोग्दै आएको ऊर्जा संकटबाट मुक्त हुने प्रचुर सम्भावना रहेकोछ । यही सम्भावनालाई मध्यनजर गर्दै आगामी आर्थिक वर्ष सौर्य ऊर्जा सम्बन्धी अध्ययन अनुसन्धान समेतका लागि बजेटको विनियोजन गरेकोछु ।

२५. गाउँपालिकाको सेवा प्रवाहलाई व्यवस्थित बनाउनका लागि आफ्नै कार्यालय भवन अनिवार्य सर्त हो । हाम्रा अधिकांश वडाहरूका आफ्नै वडा कार्यालयहरू तयार भई सकेका छन् र ती सञ्चालनमा समेत आइसकेको अवस्था छ । तर गाउँपालिकाको आफ्नै प्रशासनिक भवन नभएकाले सेवा प्रवाहमा असहजता भईरहेकोले आगामी आर्थिक वर्षबाट गाउँपालिकाको भवन निर्माण कार्य शुरू गर्नका लागि रू. १ करोड ३० लाख बजेट विनियोजन गरेकोछु ।

२६. प्रदेश सरकारको समपूरक अनुदान समेतका आधारमा मार्फा याकखर्क पर्यटन मार्गका लागि आगामी वर्षको बजेटमा कूल २ करोड प्रस्ताव गरेकोछु ।

२७. माथि उल्लिखित समग्र योजना तथा कार्यक्रमहरूमा कूल रू. ४ करोड ७९ लाख खर्च हुने प्रारम्भिक अनुमान छ ।

**<u>सामाजिक विकास</u>**

**<u>अध्यक्ष महोदय</u>**

२८. गाउँपालिकाको समृद्धिमा गाउँपालिकाले सामाजिक विकास तर्फका क्षेत्रहरूमा अङ्गिकार गर्ने नीतिहरूको महत्वपूर्ण भुमिका रहने गर्दछ । शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता मानवीय आधारभूत आवश्यकताका क्षेत्रहरूमा यस गाउँपालिकाले विभिन्न कार्यक्रमहरू प्रस्ताव गरेकोछ ।

२९. ठिनी खानेपानी आयोजना तथा सम्ले खानेपानी योजना र कुछपतेरङ गुम्बा, ढुम्बाका लागि आगामी वर्षको बजेटमा रकम विनियोजन गरेकोछु । आगामी आर्थिक वर्षमा संघीय सरकार तथा गण्डकी प्रदेश सरकारबाट समेत ठिनी, जोमसोम तथा स्याङमा विभिन्न खानेपानीका आयोजनाहरू कार्यान्वयन हुने सम्भावना छ । उक्त आयोजनाहरूमा समेत गाउँपालिकाले आवश्यक समन्वय र सहयोग गर्नेछ । ठिनी अधुरो खेलकूद मैदान पूरा गर्नको लागि आवश्यक वजेट व्यवस्था गरेकोछु । जनकल्याण आधारभूत विद्यालय बाल उद्यान (वडा नं. ३) तथा वडा नं २ को अधुरो ताराखेल्ने ठाउँ निर्माण कार्यलाई बजेटको व्यवस्था गरेकोछु । चिमाङको ताराखेल्ने इन्डोर खेलमैदान निर्माण कार्यका लागि समेत आवश्यक बजेटको व्यवस्था मिलाएकोछु ।

३०. यस गाउँपालिका अन्तर्गत रहेका दलित, छात्रा, गरीब तथा जेहेन्दार विद्यार्थीहरू, कक्षा ११ र १२ कक्षामा अध्ययनरत विद्यार्थीहरू एवम् धौलागिरी प्राविधिक शिक्षालय, लेतेमा पढ्नजाने विद्यार्थीहरुलाई दिइँदै आएको छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था मिलाएकोछु ।

३१. आगामी आर्थिक वर्षमा गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा अध्यापनरत विषयगत शिक्षकहरूका लागि तालीमहरू सञ्चालन हुनेछन् । गाउँपालिकाको आफ्नै शैक्षिक क्यालेण्डर निर्माण हुनेछ र शैक्षिक क्रियाकलापहरू सोही क्यालेण्डरबाट निर्देशित हुनेछन् । प्रधान अध्यापक तथा अभिभावकहरूका लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ । परीक्षा प्रणालीलाई व्यवस्थित तथा वैज्ञानिक ढंगबाट सुधार गर्दै लगिनेछ । वाल विकास कक्षामा अध्यापनरत् सहजकर्ताहरूको लागि पुनर्ताजगी

तालीम आयोजना हुनेछ । ती वाल विकास सहजकर्ताहरूका लागि अतिरिक्त प्रोत्साहन भत्ताको व्यवस्था मिलाएकोछु ।

३२. विद्यार्थीहरूका लागि अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रमहरू सञ्चालन हुनेछन् । गाउँपालिका स्तरीय राष्ट्रपति कप खेलकूद कार्यक्रमले निरन्तरता पाउनेछ । गाउँपालिका भित्रको प्राविधिक धार तर्फको जनहित माध्यमिक विद्यालयमा भौतिक अवस्था सुधारका लागि आवश्यक बजेट व्यवस्था गरेकोछु ।

३३. गाउँपालिका भित्रका सबै वाल विकास कक्षाहरूलाई सुधार गर्दै लगिनेछ । वर्षभरीमा उत्कृष्ट शैक्षिक क्रियाकलाप गर्ने सामुदायिक विद्यालयलाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिन बजेटको प्रस्ताव गरेकोछु । विद्यालयहरूमा जसोतसो कम्प्यूटरहरूको व्यवस्था हुने तर दक्ष मर्मतकर्ताको अभावमा सामान्य गडवढीले पनि कम्प्यूटरहरू थन्किने समस्यालाई समाधान गर्न आगामी आर्थिक वर्ष कम्प्यूटर शिक्षकहरूलाई हार्डवेयर सम्बन्धी तालीम दिने गरि कार्यक्रमको प्रस्ताव गरेकोछु ।

३४. सशर्त अनुदान तर्फ संघीय सरकारबाट प्राप्त हुन आएका शिक्षा सम्बन्धी सम्पूर्ण कार्यक्रमहरूलाई हुबहू प्रस्ताव गरी ती कार्यक्रमहरूलाई अनुसूचीमा उल्लेख गर्ने व्यवस्था मिलाएकोछु

३५. आगामी आर्थिक वर्षमा यस गाउँपालिका क्षेत्रमा स्वास्थ्य तर्फ विभिन्न कार्यक्रमहरू लागू हुनेछन् । सशर्त कार्यक्रमहरू अनुसूचीमा उल्लेख भए बमोजिम हुबहू लागू हुनेछन् भने गाउँपालिकाले थप कार्यक्रमहरू गर्नेछ । चिमाङ र स्याङका स्वास्थ्य इकाईहरूको व्यवस्थापनमा बजेट प्रस्ताव गरेकोछु । मार्फा र ठिनीमा स्वास्थ्य चौकी सुधार कार्यक्रमहरू लागू हुनेछन् ।

३६. सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत यस गाउँपालिकाभित्र घरमा नै असुरक्षित सुत्केरी गराउने प्रचलनलाई पूर्ण रूपमा विस्थापन गराई पूर्ण संस्थागत सुत्केरी कार्यक्रमलाई अझ प्रभावकारी रूपमा कार्यान्वयन आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

३७. मुस्ताङ अस्पतालमा फार्मेसी सञ्चलन गर्न कर्मचारीको व्यवस्था गरिइरहेकोमा सो कार्यक्रम निरन्तर लागू हुनेछ । मुस्ताङ दन्त सेवा सञ्चालन तथा व्यवस्थापन खर्चको व्यवस्था मिलाएकोछु

३८. महिला तथा वालवालिका तथा जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी कार्यक्रम तर्जूमा गर्न बजेटको व्यवस्था मिलाएकोछु । गाउँपालिका स्तरीय वाल

सञ्जाल गठन भईसकेको विद्यमान अवस्थामा सो सञ्जालबाट माग भई आएका उल्लेखनीय योजनाहरूलाई सम्बोधन गर्ने व्यवस्था मिलाएकोछु ।

३९. सामाजिक विकास तर्फका सशर्त कार्यक्रमहरूका अलावा यस विषयगत क्षेत्रका लागि गाउँपालिकाको तर्फबाट थप रू. १ करोड १२ लाख ८० हजार ५०० बजेटको प्रस्ताव गरेकोछु ।

**<u>वातावरण तथा विपद् व्यवस्थापन</u>**

**<u>अध्यक्ष महोदय</u>**

४०. यो गाउँपालिका सबै जनताको साझा घर हो । भावी पुस्ताहरूको भविष्य पनि । यस गाउँपालिकालाई पर्यावरणीय दृष्टिले स्वच्छ तन्दुरूस्त राखी आगामी पुस्तालाई हस्तान्तरण गर्नु हामी सबैको कर्तव्य हो ।

४१. हाम्रो गाउँपालिकामा स्वदेशी/ विदेशी लाखौं पर्यटकहरू वर्षेनी भ्रमण गर्ने गर्दछन् । त्यसैले हामीमाझ वातावरण संरक्षण सम्बन्धी सवालहरूले महत्त्व पाउनु पर्ने देखिन्छ । पवित्र कालीगण्डकी नदीलाई स्वच्छ राखिराख्न र वातावरण सन्तुलन कायम राख्ने सम्बन्धमा आगामी आर्थिक वर्षका लागि विभिन्न कार्यक्रमहरूको प्रस्ताव गरेकोछु ।

४२. वर्षौंदेखि रहिरहेका खाली शिशाहरू तथा नकुहिने फोहरमैलालाई कवाडी सम्बन्धी संकलन केन्द्र, पोखरा पठाउने कार्य चालू आर्थिक वर्षमा शुरू गरिएको छ । यसबाट अव घरपझोङ गाउँपालिका अन्तर्गतका व्यक्तिगत घरहरू तथा होटलहरूमा थुप्रिरहेको खाली वोतलहरूको चाङ कम भएकोछ र गाउँपालिकालाई सफा राखिराख्न सहयोग मिलेकोछ । यो कार्यक्रम आगामी आर्थिक वर्षमा समेत कायम हुनेछ तर निजी संस्थाको साझेदारीमा गाउँपालिकालाई आर्थिक भार नपर्ने गरी व्यवस्था मिलाइनेछ ।

४३. घरयासी फोहरमैला सकेसम्म घरमै व्यवस्थापन गर्न र कम्पोष्ट मल बनाउने सम्बन्धी तालीम सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ । कालीगण्डकी नदीको कटान रोक्न **मार्फा सामग्री, लक्की र छैरो**मा तटबन्धन सम्बन्धी कार्यहरूको प्रस्ताव गरेकोछु ।

४४. आगामी आर्थिक वर्षमा नाराघाङ खोलामा सिँचाई कूलो मर्मत गर्ने, मार्फा नाराघाङ खोलामा तटवन्धनको कार्य गर्ने तथा मार्फा गाउँ पछाडिको ढल निकासा गर्नेगरी बजेटको व्यवस्था मिलाएकोछु ।

४५. स्याङ वृक्षारोपण तथा थोपा सिँचाई, एयरपोर्ट क्षेत्रमा ढल व्यवस्थापन योजना, ठिनी गल्छि नियन्त्रण योजना तथा जोमसोममा फोहरमैला व्यवस्थापन संकलन केन्द्र

निर्माणका लागि बजेटको प्रस्ताव गरेकोछु । एयरपोर्ट पुथाङ स्थित शिवमन्दिर वरपरको सिंडि व्यवस्थापन कार्य यस वर्ष पूरा नभएमा सो सिंडि निर्माण कार्यलाई आगामी आर्थिक वर्षमा पूरा गर्नेगरी बजेट व्यवस्था गरिनेछ ।

४६. विपद् व्यवस्थापन कोषको रकम फ्रिज नगर्ने गरी आगामी वर्ष थप ३० लाख बजेट सो कोषमा थप गर्ने प्रस्ताव गरेकोछु । आकष्मिक तथा अन्य कोषहरूको लागि आगामी आर्थिक वर्षको बजेटबाट थप ३२ लाख विनियोजन गरिनेछ । यस्ता कोषहरूमा रहेको रकम आकस्मिकजन्य क्रियाकलापहरूमा खर्च गर्ने कार्यलाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

४७. आगामी आर्थिक वर्ष वातावरण तथा विपद् व्यवस्थापन आयोजनाहरूको लागि रू. ४५ लाख बजेट  प्रस्ताव गरेकोछु ।

<u>**संस्थागत विकास, सेवाप्रवाह र सुशासन**</u>

<u>**अध्यक्ष महोदय,**</u>

४८. आगामी आर्थिक वर्षका आयोजनाहरूको कार्यान्वयन गर्न आर्थिक वर्षको शुरूमै गाउँ कार्यपालिकाको कार्यालयले वार्षिक कार्ययोजना निर्माण गर्नेछ । उपभोक्ता समितिबाट कार्यान्वयन गर्न नसकिने प्रकृतिका आयोजना तथा कार्यक्रमहरू कानून बमोजिमका अन्य विधिद्वारा कार्यान्वयन गर्ने गरी प्रस्ताव गरेकोछु । उपभोक्ता समितिका पदाधिकारीहरूलाई वर्षको शुरूमै अभिमुखिकरण गरिनेछ । जसबाट आयोजना कार्यान्वयन तथा फर्छ्यौटमा सरलता हुनेछ ।

४९. कर्मचारी तथा निर्वाचित पदाधिकारीहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरू लागू गरिनेछ । वडा कार्यालयमा कार्यरत कर्मचारीहरूलाई कार्यालय सञ्चालन तथा अन्य विषयहरूमा महत्त्वपूर्ण तालीमहरू आयोजना हुनेछन् । गाउँ सभाका सदस्यहरूको लागि विद्यमान नेपालको शासन प्रणाली, स्थानीय सरकार सञ्चालन तथा प्रचलित नेपाल कानूनको जानकारी गराउन तालीमको व्यवस्था मिलाइनेछ । जसबाट शासन व्यवस्था सम्बन्धी ज्ञानमा अभिवृद्धि भई व्यक्तित्व तथा नेतृत्व क्षमतामा उल्लेख्य बढोत्तरी हुनेछ ।

५०. जनप्रतिनिधीहरू तथा कर्मचारीहरूलाई आजको युग सुहाउँदो सूचना प्रविधि सम्बन्धी तालीम दिइनेछ । गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरू तथा सबै निर्वाचित पदाधिकारीहरूलाई सूचना प्रविधिको सञ्जालमा आवद्ध गरी उत्पादित सूचना

छिटो छरितो तरिकाले प्रवाह गर्ने व्यवस्था मिलाउन आवश्यक बजेट प्रस्ताव गरेकोछु ।

५१. समावेशी राज्य सञ्चालन गर्न राज्यबाट विभिन्न कार्यक्रमहरूको लागू गरिँदै आएकोछ । त्यसको एउटा उदाहरण सबै सरकारी निकायहरूमा नयाँ पदपूर्ति गर्दा समावेशी ढाँचामा विज्ञापन गर्ने गरिएको छ । राज्य सञ्चालनमा सबै जातजाति, लिङ्ग, वर्ग र क्षेत्रको प्रतिनिधित्वको सुनिश्चतता कानूनत गरिएपनि अपेक्षित रूपमा लक्षित वर्गहरूले फाइदा लिन सकिरहेका छैनन् । सरकारी सेवामा यस गाउँपालिकाका नागरिकको प्रतिनिधित्व निकै कम नै रहेको विद्यमान अवस्थामा आगामी वर्ष यहाँका युवाहरूका लागि **लोकसेवा तयारी** कक्षा सञ्चालन गरिनेछ । सो कार्यबाट लक्षित वर्ग लाभान्वित हुनेगरी कार्यक्रम तय गर्ने व्यवस्था मिलाएकोछु ।

५२. धुमपान, मद्यपान, लागू औषध तथा सानो उमेरमा नै विवाह गर्ने कार्य विरुद्ध युवाहरूमा जनचेतनामूलक कार्यक्रमहरू वस्तीस्तरमा आयोजना गरिनेछ । सबै माध्यमिक विद्यालयहरुमा समेत यस्ता खालका कार्यक्रमहरू तर्जूमा गर्न बजेटको व्यवस्था मिलाइएकोछ । यस्ता कार्यक्रहरूले दूर्वेशनी तथा सामाजिक कूरीति विरूद्धमा जनचेतना अभिवृद्धि हुनेछ ।

५३. रेडियो तालीम, सहकारी व्यवस्थापन सम्बन्धी तालीम, तथा युवा वेरोजगारलाई लक्षित गरी डकर्मी, प्लम्बीङ तथा हाउस वयरिङ जस्ता स्वरोजगारमूलक कार्यक्रमहरू आयोजना गर्न आवश्यक बजेट विनियोजन गरेकोछु । प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत संघीय सरकारबाट प्राप्त कार्यक्रमहरूलाई जस्ताको त्यस्तै वार्षिक कार्यक्रममा प्रस्ताव गरेकोछु ।

५४. यस गाउँपालिका अन्तर्गत क्रियाशिल सबै गैर सरकारी संस्थाहरूको आगामी आर्थिक वर्षका लागि प्रस्तावित सबै कार्यक्रम तथा वार्षिक बजेटलाई समेत गाउँपालिकाको बजेट किताब प्रकाशन गर्दा एकीकृत गरी प्रकाशन गर्ने व्यवस्था मिलाईनेछ ।

५५. समग्र संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ जम्मा ४७ लाख बजेट प्रस्ताव गरेकोछु ।

**श्रदेय अध्यक्ष महोदय**

५६. गाउँपालिकाको गौरवको आयोजनामा सुचिकृत मिनि मुस्ताङ परियोजना गण्डकी प्रदेशको नै महत्वपूर्ण परियोजना हो । मिनी मुस्ताङको निर्माण पश्चात जोमसोममानै

समग्र मुस्ताङ जिल्लाको सूक्ष्म झलक हेर्न पाइनेछ । यसले गर्दा यस गाउँपालिकाको पर्यटन प्रवर्धन हुनका साथै समग्र मुस्ताङ जिल्लाको पर्यटन प्रवर्धनमा उल्लेख्य योगदान पुग्नेछ । यो परियोजनाका लागि आगामी आर्थिक वर्षमा संघीय सरकार र प्रदेश सरकारको समेत लगानी रहनेछ भने गाउँपालिकाको तर्फबाट विस्तृत परियोजना प्रतिवेदन तयार गर्न र परियोजनाको निर्माण कार्य प्रारम्भ गर्न रू. ३० लाख प्रस्ताव गरेकोछु । त्यस्तै ढुम्बा ताल संरक्षण तथा सौन्दर्यीयकरणका लागि १३ लाख बजेट व्यवस्था मिलाएकोछु ।

<u>अध्यक्ष महोदय</u>

५७. अव म आगामी आर्थिक वर्षको लागि कूल अनुमानित बजेट व्यवस्था पेश गर्न अनुमति चाहन्छु । आगामी आर्थिक वर्षको लागि कूल बजेट रू. २४ करोड ५१ लाख २६ हजार ५०० रहेको छ । जसमध्ये संघीय वित्तीय समानीकरणबाट ६ करोड ७९ लाख, प्रदेश वित्तीय समानीकरण अनुदान रू. १ करोड १९ लाख ३१ हजार, संघीय राजश्व बाँडफाँड रू. ३ करोड ५० लाख, प्रदेश राजश्व बाँडफाँडतर्फ रू. ८ लाख ७९ हजार, सघीय सशर्त अनुदान रू. ८ करोड ६४ लाख, आन्तरिक श्रोत प्रक्षेपण रू. ७८ लाख ८६ हजार, मालपोत रजिष्ट्रेशन शुल्क बाँडफाँड रू. १३ लाख ८० हजार ५००, प्रदेश सरकारको समपूरक अनुदान रू. १ करोड तथा सामाजिक सुरक्षा तर्फ संघीय सरकारबाट प्राप्त हुने अनुदानको रकम रू. १ करोड २० लाखको प्रारम्भिक अनुमान छ ।

५८. कुल बजेटबाट चालू खर्च तर्फ आगामी आर्थिक वर्ष रू. ३ करोड ४७ लाख ३६ हजार, सशर्त खर्च तर्फ संघ सरकारबाट प्राप्त कार्यक्रमहरूमा रू. ८ करोड ६४ लाख, समपूरक कोषमा रू. २ करोड ५० लाख १० हजार, विपद् व्यवस्थापन कोषमा रू. ३० लाख, गौरवका आयोजनातर्फ रू ४३ लाख. विभिन्न कोषहरूमा रू. ३२ लाख, सामाजिक सुरक्षा कार्यक्रम तर्फ रू. १ करोड २० लाख तथा प्रदेश स्तरीय समपूरक कोष आयोजनामा रू. १ करोड खर्च हुने प्रारम्भिक अनुमान रहेको छ ।

५९. त्यसैगरी आगामी आर्थिक वर्षका लागि योजना व्यवस्थापन प्रशासनिक खर्च रू. २५ लाख प्रस्ताव गरेकोछु । आर्थिक विकास तर्फ रू. १ करोड ५६ लाख, पूर्वाधार विकास तर्फका आयोजनाका लागि रु. २ करोड ७९ लाख, सामाजिक विकास तर्फका

आयोजना तथा कार्यक्रमका लागि रू. १ करोड १२ लाख ८० हजार ५०० तथा वातावरण विपद् व्यवस्थापन तर्फ रू. ४५ लाख र सुशासन सेवाप्रवाह तथा संस्थागत विकास तर्फ रू ४७ लाख बजेट प्रस्ताव गरिएकोछ ।

६०. माथि प्रस्तुत गरिएको कार्यक्रममा आगामी वर्ष जम्मा २३ करोड ३३ लाख ७६ हजार ५०० सय आम्दानी हुने र रू. २४ करोड ५१ लाख २६ हजार ५०० खर्च हुने अनुमानमा कूल रू. १ करोड १७ लाख ५० हजार न्यून हुने देखिन्छ । आगामी आर्थिक वर्षको बजेटमा न्यून हुन आउने रकम रू. १ करोड १७ लाख ५० हजार चालू आर्थिक वर्षको अनुमानित मौज्दात रकमबाट न्यून बजेट पूर्ति गर्ने व्यवस्था मिलाएकोछु ।

६१. आगामी आर्थिक वर्षका सबै योजना तथा कार्यक्रमहरूलाई विस्तृत रुपमा अनुसूचीमा उल्लेख गरेकोछु । विस्तृत विवरण अनुसूचीबाट ग्रहण गर्नुहुन समेत अनुरोध छ । सशर्त तर्फका सबै कार्यक्रमहरू पनि अनुसूचीमा नै व्यवस्थित गरेकोछु ।

**अध्यक्ष महोदय**

६२. योजना तथा कार्यक्रमहरू जतिसुकै प्रभावकारी तथा व्यवहारिक एवम् व्यवहारिक बनाए पनि त्यसको सार अन्ततोगत्वा कार्यान्वयनमा भर पर्दछ । आगामी आर्थिक वर्षको आयोजना व्यवस्थापनमा प्रत्यक्ष संलग्न रहने पदाधिकारी तथा कर्मचारीहरूलाई उच्च मनोबलका साथ काममा लगाउन विभिन्न प्रस्तावहरू गरेकोछु ।

६३. सबै पदाधिकारीहरूलाई समय सापेक्ष तालीम तथा प्रशिक्षणका कार्यक्रम आयोजना गर्ने, विद्यमान सार्वजनिक खरिद ऐन नियमको प्रावधानहरूलाई अवगत गराउने, कर्मचारीहरूलाई सूचना प्रविधिको माध्यमबाट कार्यसम्पादन गर्न उत्प्रेरित गर्ने तथा उत्प्रेरणाको तह उच्च बनाउन कार्यालय समयमा Flexi Time को व्यवस्था गर्ने र अतिरिक्त समय काम गरे वापत कार्यविधि वनाई वाञ्छित अतिरिक्त सुविधा प्रदान गर्ने व्यवस्था मिलाएकोछु ।

६४. उल्लिखित बमोजिमका नीतिहरुको कार्यान्वयनका लागि गरिमामय गाउँसभाका सबै सदस्यज्यूहरू, कर्मचारी, आम जनता, वुद्धिजिवी तथा सबै सरोकारवाला घरपझोङवासीको साथ र सहयोगको अपेक्षा लिएको छु । सरोकारवाला सबैको साथ र सहयोगले नै घरपझोङ गाउँपालिकाको **"समावेशी, सामाजिक रूपान्तरण, प्रकृति संरक्षण र संस्कृति",: "*कृषि, पर्यटन, पर्यावरण, पूर्वाधार, घरपझोङको समृद्धि*"** भन्ने गाउँपालिकाको नारा तथा गण्डकी प्रदेश सरकारले अवलम्बन गरेको **समृद्ध प्रदेश, सुखी नागरिक**को दीर्घकालिन

सोंच र नेपाल सरकारले अवलम्बन गरेको **समृद्ध नेपाल, सुखी नेपाली** को नारा पूरा हुनेछ भन्नेमा विश्वास लिएकोछु ।

**६५.** अन्त्यमा, आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम निर्माणका लागि सुझाव तथा सहयोग पु-याउनु हुने गाउँपालिकाका श्रदय अध्यक्ष ज्यू, सबै निर्वाचित जनप्रतिनिधीज्यूहरू, राजनीतिक दलहरूका जिम्मेवार पदाधिकारीहरू, विषयगत समिति लगायत अन्य समितिका सदस्यज्यूहरू, गाउँ कार्यपालिकाका सबै साथीहरूलाई आभार प्रकट गर्दै बजेट निर्माणको प्राविधिक पाटो व्यस्थापनमा सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत लगायत संलग्न सबै कर्मचारी मित्रहरूमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । धन्यवाद ।

<u>प्रस्तुतकर्ता</u>

सर्मिला गुरुङ

**उपाध्यक्ष तथा संयोजक**

घरपझोङ गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जूमा समिति

घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
फोन नं. ०६९-५२००१६
Email: gharapjhongrmunicpality@gmail.com
website: www.gharapjhongmun.gov.np
Facebook: www.facebook.com/GharapjhongRM